# स्थानीय राजपत्र

खण्डः २ | संख्याः २५ | प्रकाशित मितिः२०८०/०९/१७

**भाग-२**

**तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित**


## तुम्बेवा गाउँपालिका, पाँचथरको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/१२

आज्ञाले,

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

## तुम्बेवा गाउँपालिका, पाँचथरको

# आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०९/१२

तुम्बेवा गाउँपालिका
पाँचथर
कोशी प्रदेश, नेपाल

प्रस्तावना :

यस तुम्बेवा गाउँपालिका अन्तर्गत रहेका अशक्त, असहाय, जोखिममा परेका, दिर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क र क्यान्सर), हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, गरिबीको रेखामुनी रहेका घरपरिवार, प्राकृतिक प्रकोपमा परेका तथा आगोलागी, विभिन्न प्रकृतिका दुर्घटना, बाढीपहिरो पिडित, वन्यजन्तुको आक्रमण, चट्याङ, लगायत दैविक प्रकोपबाट पिडित र आर्थिक रुपले विपन्न परिवारको सदस्यको मृत्यु भएमा मृतकका परिवारको सदस्यलाई काजक्रिया खर्च वापत राहत स्वरुप आर्थिक सहायता दिन आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८० तयार गर्न वाञ्छनीय भएकोले तुम्बेवा गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " तुम्बेवा गाउँपालिका आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय प्रसंगले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले तुम्बेवा गाउँपालिकालाई सम्झुन पर्दछ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले तुम्बेवा गाउँ कार्यपालिकालाई सम्झनु पदर्छ ।

ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले अशक्त, असहाय, जोखिममा परेका, दिर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क र क्यान्सर), हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, गरिबीको रेखामुनी रहेका घरपरिवार, प्राकृतिक प्रकोपमा परेका तथा आगोलागी, विभिन्न प्रकृतिका दुर्घटना, बाढीपहिरो पिडित, वन्यजन्तुको आक्रमण, चट्याङ, लगायत दैविक प्रकोपबाट पिडित र आर्थिक रुपले विपन्न परिवारको सदस्यको मृत्यु भएमा मृतकका परिवारको सदस्यलाई काजक्रिया खर्च वापत राहत स्वरुप आर्थिक सहायता पाउन योग्य परिवारको सदस्यलाई सम्झिनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले तुम्बेवा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुम्बेवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद २

## आर्थिक सहायता वितरण सम्बन्धी व्यवस्था

३. निवेदन दिनु पर्ने :

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता पाउने व्यक्तिले प्रमाण सहित सम्बन्धीत वडाको सिफारिस समेत संलग्न राखि गाउँपालिका अध्यक्षलाई निवेदन दिनु पर्नेछ । प्राप्त निवेदन अनुसार यस कार्यविधिमा उल्लेखित रकम गम्भिरताको आधारमा अध्यक्षले सिफारिस गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवदेनमा आवश्यक छानवीन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ४ र ५ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ ।

४. अशक्त, असहाय, जोखिममा परेका, दिर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क र क्यान्सर), हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, गरिबीको रेखामुनी रहेका घरपरिवार, प्राकृतिक प्रकोपमा परेका तथा आगोलागी, विभिन्न प्रकृतिका दुर्घटना, बाढीपहिरो पिडित, वन्यजन्तुको आक्रमण, चट्याङ, लगायत दैविक प्रकोपबाट पिडित परिवारलाई आर्थिक सहायता :

(१) दफा २ को उपदफा (१) बमोजिम निवेदन दिएका व्यक्ति मध्ये अशक्त, असहाय, जोखिममा परेका, दिर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क र क्यान्सर), हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, गरिबीको रेखामुनी रहेका घरपरिवार, प्राकृतिक प्रकोपमा परेका तथा आगोलागी, विभिन्न प्रकृतिका दुर्घटना, बाढीपहिरो पिडित, वन्यजन्तुको आक्रमण, चट्याङ, लगायत दैविक प्रकोपबाट पिडित व्यक्तिलाई गाउँपालिका अध्यक्षको निर्णय बमोजिम गम्भिरताको आधारमा बढीमा रु.५,०००/- देखि रु.१०,०००/– सम्म आर्थिक सहायता वापतको रकम उपलब्ध गराउन सिफारिस गर्न सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

५. मृतकका परिवारलाई काजक्रिया खर्च वापत आर्थिक सहायता :

(१) गाउँपालिका अन्तर्गत कुनै पनि व्यक्तिको कुनै पनि कारणले निधन भएमा मृतकको परिवारलाई वडा वा स्वास्थ्य संस्थाको सिफारिस बमोजिम गाउँपालिका अध्यक्षको

निर्णयानुसार बढीमा रु.५,०००/– सम्मको काजकिया बापत आर्थिक सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३
## विविध

६. निवेदनको ढाँचा : (४) र (५) अनुसारको आर्थिक सहायता माग गर्ने निवदेनको ढाँचा अनुसूची (१) र (२) मा तोकिए बमोजिम हुनुपर्नेछ। अशक्त, असहाय, जोखिममा परेका, दिर्घरोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क र क्यान्सर), हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, गरिबीको रेखामुनी रहेका घरपरिवार, प्राकृतिक प्रकोपमा परेका तथा आगोलागी, विभिन्न प्रकृतिका दुर्घटना, बाढीपहिरो पिडित, वन्यजन्तुको आक्रमण, चट्याङ, लगायत दैविक प्रकोपबाट पिडित सम्बन्धी आर्थिक सहायता रकम माग गर्ने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । आर्थिक रुपले विपन्न परिवारको सदस्यको मृत्यु भएमा मृतकका परिवारको सदस्यलाई काजक्रिया खर्च वापत सम्बन्धी आर्थिक सहायता रकम माग गर्ने परिवारको सदस्यले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिई आर्थिक सहायता रकम माग गर्नुपर्नेछ ।

७. अन्य आर्थिक सहायताः यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य कुनै अवस्थाको व्यक्ति तथा परिवारलाई आर्थिक सहायता दिन मनासिव देखिएमा रु.५०००।-(पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

८. जिन्सी सहायता उपलब्ध गराउन सक्नेः यस कार्यविधि बमोजिम उपलब्ध गराईने सहायता नगद वा सो बराबरको जिन्सिको रुपमा उपलब्ध गराउन सकिनेछ ।

९. अधिकार प्रत्यायोजन गर्न सकिने : (१) यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी अधिकार गाउँ कार्यपालिका र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. आकस्मिक कोष :

(१) यस कार्यविधि अनुसार उपलब्ध गराईने आर्थिक सहायताका लागि एक आकस्मीक कोषको स्थापना गर्न सकिनेछ ।

ख) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

ग) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

घ) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम,

ङ) अन्य जुनसुकै तरिकाले आकस्मिक रुपमा प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (१) बमोजिमको आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२. बाधा अड्काउ : (१) यस कार्यविधिमा कुनै समस्या आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१

मिति : ...................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
तुम्बेवा गाउँपालिका, पाँचथर ।

विषय : आर्थिक सहायता सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................... तुम्बेवा गाउँपालिका वडा नं........बस्ने .........................................बाट पिडित भएको बेहोरा अवगत गराउन चाहन्छु/छौं । म र मेरो परिवारको आर्थिक अवस्था कमजोर भएकोले गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि अनुसारको आर्थिक सहायता उपलब्ध गराईदिनहुन तपसिल बमोजिमका कागजातहरु यसै निवेदन साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

**सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवदेन दिनुपर्ने,**

१. क्षतिको विवरण सहित सम्बन्धित वडाको सिफारिस

२ प्रहरी मुचुल्का भएमा सो मुचुल्काको प्रतिलिपि

३. नागरिकताको प्रतिलिपि

४. विपद् सम्बन्धी स्थलगत फोटोहरु

५. अन्य आवश्यक कागजातहरु

निवेदक व्यक्तिको पारिवारिक विवरण

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता नम्बर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदक

अनुसूची–२

मिति : ..................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
तुम्बेवा गाउँपालिका, पाँचथर ।

विषय : आर्थिक सहायता सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा म/हामी .............................. तुम्बेवा गाउँपालिका वडा नं........बस्ने मेरो एकाघरको सदस्य ....................................................को मिति .......................का दिन निधन भएको बेहोरा अवगत गराउन चाहन्छु/छौं । म र मेरो परिवारको आर्थिक अवस्था कमजोर भएकोले गाउँपालिकाले स्वीकृत गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि अनुसारको आर्थिक सहायता उपलब्ध गराईदिनहुन तपसिल बमोजिम कागजातहरु यसै निवेदन साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

**सम्बन्धित परिवारको सदस्यले यसै बमोजिमको ढाँचामा निवदेन दिनुपर्ने,**

१. रकम भुक्तानीको लागि वडाको सिफारिस
२. मृत्यु दर्ता प्रमाणपत्र
३. प्रहरी मुचुल्का भएमा सो मुचुल्काको प्रतिलिपि
४. नागरिकता वा जन्मदर्ताको प्रतिलिपि
५. अन्य आवश्यक कागजातहरु

निवेदक व्यक्तिको पारिवारिक विवरण

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता नम्बर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदक